आयोजना निर्माण सम्झौता गरी पाउँ भनी कार्यालयमा पेश गरेको निवेदन

मिति २० /.... /.....

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू,
थलारा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
खोली, बझाङ ।

**विषय : आयोजना निर्माणका लागि सम्झौता गरी पाउँ ।**

महोदय,

उपरोक्त विषयमा हामी बझाङ जिल्ला थलारा गाउँपालिका वडा नं. ..., ...............टोलमा बस्ने बासिन्दाहरुले तहाँ गाउँपालिकाबाट विनियोजित भएको बजेट अनुसार विकास निर्माणको काम गर्न वडा अध्यक्ष / सदस्यको रोहवरमा सरोकारवालको भेला गराई **थलारा गाउँपालिकाको उपभोक्ता समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५** अनुसारका प्रावधान पुरा गरी ............................................................ नामको उपभोक्ता समिति गठन गरेका छौं । यस उपभोक्ता समिति पदाधिकारीहरु राजनितिक दलको प्रतिनिधि, बहालवाला सरकारी कर्मचारी/शिक्षक वा निर्माण व्यवसायी नभएको र सरकारी पेश्की वा बेरुजु फछ्र्यौट गर्न बाँकी नरहेको, कुनै स्वार्थ नबाझिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको, सार्वजनिक सम्पत्ति हिनामिना नगरेको, कुनै पनि पदाधिकारी एक भन्दा बढी उपभोक्ता समितिमा नरहेको र एकाघर परिवारका एक भन्दा बढी सदस्य एउटै उपभोक्ता समितिमा नरहेको ठीक साँचो हो।

आयोजनाका लागि रु. ................... विनियोजन गरिएकोमा प्राविधिकबाट उक्त आयोजनाको लागि लागत अनुमान रु. ........................ तयार भई स्वीकृत भएको हुँदा विनियोजित बजेट मध्ये ४ प्रतिशत कन्टीजेन्सी घटाई रु...................... गाउँपालिकाद्धारा बेहोर्ने गरी बाँकी रु.. हामी स्थानीय लाभग्राहीको जनसहभागिता जुटाई मिति २० / / सम्म सम्पन्न गर्न तयार छौं । सो आयोजना निर्माणको काम प्रचलित कानुनको अधिनमा रही तोकिएको म्याद भित्र सम्पन्न गर्नेछौं । तपसिलका कागजात संलग्न गरी निवेदन पेश गरेका छौं । रितपूर्वकको सम्झौता गरी पाउन अनुरोध छ ।

संलग्न कागजातहरु :

१. आयोजना स्थलमा उपभोक्ता समिति गठनको निर्णयको फोटोकपी ☐
२. उपभोक्ता समितिको निर्णयको फोटोकपी ☐
३. उपभोक्ता समिति गठन गर्ने भेलाको फोटोहरु,काम सुरु गर्नुपूर्वका फोटोहरु ☐
४. उपभोक्ता समितिका पदाधिकारीहरुको ना.प्र.प.का फोटोकपीहरु ☐
५. वडा कार्यालयको सिफारिस ☐
६. स्वीकृत लागत अनुमान (इस्टिमेट) ☐
७. उपभोक्ता समिति गठन प्रतिवेदन ☐

निवेदक

नाम थरः
पदः
ठेगानाः
मोबाइल नं.: